# जिल्लास्तरीय बार्षिक समीक्षा गोष्ठी, २०७० को प्रतिवेदन

गत आर्थिक बर्ष २०६९/०७० मा जिल्लाभित्र संचालित विविध कार्यक्रम तथा आयोजनाहरुको वार्षिक समीक्षा कार्यक्रम मिति २०७०/५/१७ र १८ गते २ दिन जिल्ला विकास समितिको कार्यालय खोटाङको सभाहलमा संचालन गरिएको थियो । स्थानीय विकास अधिकारी युवराज अधिकारीज्यूको सभापतित्वमा संचालन गरिएको उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारीलगायत विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला स्थित क्रियाशील राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, गाविस सचिवहरु, विभिन्न संचार माध्यमका प्रतिनिधिहरु, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, विभिन्न विकास साझेदार संस्थाका परियोजना प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिलगायत जिविस तथा जिल्ला प्राविधिक कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा भएको उपस्थिति सम्बन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख छ ।

बार्षिक समीक्षा कार्यक्रममा विषयगत कार्यलय, विभिन्न परियोजना तथा गैससका प्रतिनिधिहरुबाट गत आ.ब.मा संचालित कार्यक्रमहरुको वित्तिय एवं भौतिक प्रगतिको अवस्था, सामना गर्नुपरेका समस्याहरु, हासिल गरिएका उपलब्धिहरु र आगामी दिनमा अवलम्बन गर्ने उपायहरुका बारेमा प्रस्तुतिकरण गरिएको थियो । प्रस्तुति पश्चात सहभागी सरोकारवालाहरुका तर्फबाट प्रस्तुति तथा समग्र कार्यक्रमहरुका सम्बन्धमा टिप्पणी गरिएको थियो । सहभागीबाट व्यक्त विचार र छलफलबाट आएका सुझावलाई सम्बन्धित निकायबाट पृष्ठपोषणको रुपमा ग्रहण गर्ने र आगामी दिनमा संचालन हुने आयोजनाहरुमा त्यस्ता सुझावलाई उपयोग गर्ने प्रतिवद्धता समेत गरिएको थियो । प्रस्तुति र छलफललाई व्यवस्थित गर्न प्रस्तुतिको ढाँचा र उपलब्ध हुने समयका बारे पहिले नै सहभागीहरुलाई जानकारी गराइएको भए पनि प्रस्तुतिमा एकरुपता र समय पालना हुन भने कठिनाई भएको भयो । कार्यक्रमको प्रस्तुतिको ढाँचा अनुसूचीमा उल्लेख गरिएको छ ।

कतिपय निकायबाट प्रमुख पदाधिकारीको अनुपस्थितिका कारण विषयवस्तुहरुको प्रस्तुतिमा गहनता नभएको भन्ने गुनासो समेत गरिएको थियो । धेरै उपभोक्ता समितिहरु, संघसंस्था, संचार माध्यम एवं अन्य सरोकारवालाहरुलाई पत्राचार भएपनि उहाँहरु सबैको उपस्थिति भने हुन सकेन ।
छलफलका क्रममा निम्न विषयवस्तु उठेका थिए:

- बिषयगत कार्यालयहरुमा जनशक्तिको अभाव रहेको,
- कार्यक्रमलाई लक्षित वर्गको पहुँचसम्म पुर्‍याउने र उनीहरुको सहभागीता सुनिश्चित गर्ने प्रयास गरिएको,
- यातायातको अभाव तथा भौगोलिक विकटताका कारण पर्याप्त अनुगमन हुन नसकेको,
- उपभोक्ता समितिका रहने महिला तथा विपन्न वर्गका सदस्यहरुको न्यून क्षमता रहेको,
- कतिपय अवस्थामा श्रमशक्तिकै पनि अभाव देखिएको,
- उपभोक्ताको माग अनुसार कार्यक्रम र बजेट न्यून रहेको,
- विभिन्न निकायबाट एकै किसिमका कार्यक्रम संचालन हुने गरेको र कतिपय अवस्था दोहोरोपना हुन सक्ने आशंका रहेको
- जिविसले एकीकृत योजना तर्जुमा गर्न थप समन्वय र नेतृत्व लिनु पर्ने
- जिल्लाको आवधिक जिल्ला विकास योजनाअनुसार नै सबै विषयगत कार्यालय र निकायहरु कार्यक्रम सचालन गर्नु पर्ने
- विषयगत कार्यलय र गैससहरुले संचालन गरेका कार्यक्रममा समेत जिविसले अनुगमन र निरीक्षण गर्नु पर्ने

गाविस र समग्र जिल्लाको विकासलाई अझ प्रभावकारी र परिणामुखी बनाउन समीक्षाको निष्कर्षको रुपमा गाविसका सचिवहरुले १४ बुंदे प्रतिवद्धतामा हस्ताक्षर गर्नु भएको छ । त्यस्तै छलफलको क्रममा सहभागिहरुबाट आएका राय सुझाव समेतका आधारमा समीक्षाको निष्कर्षका रुपमा निम्न विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यसबाट आगामी दिनमा जिल्लाको विकास निर्माणलाई सहज एवं प्रतिफलमुखी बनाउन सघाउ पुर्‍याउने देखिन्छ ।

- जिल्लामा विभिन्न निकायहरु मार्फत संचालन गरिने सबै खाले योजना, कार्यक्रम र बजेट एकिकृतरुपमा जिल्ला विकास योजनामा समेटिनु पर्ने,
- राजनैतिक दल लगायत विभिन्न सरोकारवालाहरु समेतको सहकार्यमा योजना, कार्यक्रमको नियमित एवं सहभागितामूलक तरिकाबाट नतिजामुखी अनुगमन हुनपर्ने,
- कार्यक्रममा हुने दोहोरोपना हटाउन अन्तर निकाय समन्वय, सहकार्य एवं सम्बन्धित निकायहरुको श्रोतलाई म्याचिङ्ग गरि परिचालन गरिनुपर्ने,
- योजना/आयोजनाका विभिन्न पक्षहरुमा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनुपर्ने,
- उपलब्ध श्रोत साधनलाई पूर्वाधारजन्य, उत्पादनशील, सामाजिक विकास जस्ता अत्यावश्यकीय क्षेत्रमा परिचालन गरिनुपर्ने,
- लक्षित समुदाय तथा उपभोक्ताहरुका लागि पर्याप्त बजेट एवं सशक्तिकरण कार्यक्रम संचालन गरिनुपर्ने,